# बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## मुडा,कैलाली
## सुदूरपश्चिम प्रदेश

प.सं. २०७७/०७८(शिक्षा,युवा तथ खेलकूद शाखा)

मिति :२०७७।०८।११

च.नं. ०२५७

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

विषय :विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ कार्यान्वयन सम्बन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु

बर्दगोरिया गाउँपालिका ,कैलाली

प्रस्तुत विषय सम्बन्धमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७७।०७।२० मा स्वीकृत विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा,२०७७ बमोजिम विद्यालय सञ्चालन सम्बन्धमा यस गाउँपालिका जनप्रतिनिधि ,विद्यालयका वि.व्य.स.अध्यक्ष,शि.अ.सं.अध्यक्ष तथा प्रधानाध्यापकहरु बीचको छलफलमा उक्त कार्याढाँचा कार्यान्वयन गरी विद्यालय सञ्चालन गर्ने निर्णय भएकोले तपसिल बमोजिम विद्यालय सञ्चालन सम्बन्धी कार्याढाँचा कार्यान्वयन गरि सिकाइ सहजीकरण गर्नहुन अनुरोध छ ।

तपसिल :

१.विद्यालय व्यबस्थापन समिति,शिक्षक अभिभावक संघ र शिक्षक स्टाफहरुको संयुक्त बैठक बसी कार्यढाँचामा उल्लेख भएका विकल्पहरु मध्ये कुन विकल्प अपनाई सिकाइ सहजीकरण गर्न सकिन्छ ? स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाइ सो को बारेमा छलफल गरि विद्यालय सञ्चालन ढाँचा निर्धारण गर्ने र सो को जानकारी अनिवार्य रुपमा यस कार्यालयमा पठाउने ।

२.विद्यालयमा सरसफाइ र कोभिड १९ को सन्दर्भमा स्वास्थय सुरक्षाका मापदण्डको प्रभावकारी रुपमा पालना गर्ने व्यवस्था मिलाउने ।विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुले अनिवार्य रुपमा मास्क प्रयोग र साबुन पानीले हाथ धुने व्यवस्था गर्ने ।

३.विद्यार्थीहरुलाई आउँदा जाँदा भिडभाड नहुन दिनका लागि विद्यार्थीलाई अनिवार्य रुपमा अभिमुखिकरण गर्ने । कक्षा कोठा तथा विद्यालय परिसरमा अनिवार्य न्यूनतम १ मिटरको दुरी कायम गर्ने व्यवस्था गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्ने ।

४.विद्यालयमा सरोकारवाला बाहेक अरुलाई प्रवेश गर्न नदिने ।विद्यालयमा प्रवेश गर्नुपर्ने भएमा प्रधानाध्यापकको अनुमति लिएर स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गराइ प्रवेश दिने व्यवस्था कडाइका साथ लागु गर्ने ।

५.सरोकारवालाहरु बिच छलफल गरि स्वास्थ्य सुरक्षका मापदण्ड पालनाका आचारसंहिता बनाउने र यसको प्रभावकारी कार्यन्वयन गर्ने ।

नन्दा कुमारी भट्ट

निमित प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

क्रमश :

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
मुडा,कैलाली
सुदूरपश्चिम प्रदेश

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

६. विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७ को दफा ३.४.(ख)मा उल्लेखित संकमणको जोखिम,विद्यार्थी संख्या ,विद्यालयको भौतिक पुर्वधार र जनशक्ति समेतका आधारमा देहाय बमोजिमका विकल्पहरु मध्ये उपयुक्त विकल्प प्रयोग गरी सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

(क) सबै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा सञ्चालन गर्ने ,

(ख)अलग अलग समय(सिफ्ट) मा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने,

(ग)विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/घण्टी छोट्याउने ।

(घ) अवस्था हेरी तल्ला कक्षालाई पहिले वा माथिल्लो कक्षाका विद्यार्थीलाई पहिले(जोखिम र सहजतालाई हेरी)कक्षा शुरु गर्ने,

(ङ)कुनै दिन केही कक्षा र कुनै दिन बाँकी अरु कक्षा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने ।

(च)कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थी अर्को दिन वा सिफ्टमा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने,

(छ)हप्तामा केही दिन,दिनमा केही घण्टा सञ्चालन गर्ने ।

(७)संकमणको जोखिमबाट बच्न स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउँदा अपनाउँदै विद्यालयमा संकमित भेटिए तत्काल विद्यालय बन्द गरी सो सम्बन्धमा कार्यालयलाई जानकारी गराउने ।

नन्दा कुमारी भट्ट
निमित प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत